चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

प.सं.: ०८०।०८१
च.नं.: ३२(शिक्षा)

फोन नं. ०१-४३१५७६६
मिति : २०८०।०४।१०

**लेखापरीक्षणका लागि फर्म दर्ता सम्बन्धी सूचना ।**

प्रस्तुत विषयमा यस नगरपालिकाको **विद्यालय लेखापरीक्षण कार्यविधि, २०७९** को दफा ३ बमोजिम सामुदायिक विद्यालयहरुको आर्थिक वर्ष २०७९।८० को लेखापरीक्षण गर्नका लागि इच्छुक फर्म वा कम्पनीले यो सूचना प्रकाशन भएको मितिले ३५ (पैंतिस) दिन अर्थात मिति २०८०।०५।१२ गते भित्र आर्थिक ऐन, २०८० बमोजिमको दस्तुर बुझाएको सक्कल भौचर सहित शिक्षा, युवा तथा खेलकुद शाखामा तपसिल बमोजिमको कागजात संलग्न गरी आवेदन दर्ता गर्नु/गराउनुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु (लेखापरीक्षण कार्यविधि, २०७९ को दफा ४ बमोजिम) :**

क) लेखापरीक्षकको फर्म वा कम्पनी दर्ता र नवीकरण गरेको प्रमाणपत्रको प्रतिलिपि,

ख) आन्तरिक राजश्व कार्यालयबाट कर दर्ता प्रमाण पत्र र कर चुक्ता पमाणपत्रको प्रतिलिपि,

ग) नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

घ) लेखापरीक्षक वहालवाला कर्मचारी भए विभागीय स्वीकृति पत्रको प्रतिलिपि,

ङ) भ्याट वा प्यान दर्ता प्रमाणपत्रको प्रतिलिपि,

च) कालोसूचीमा नपरेको स्वयम् घोषणाको पत्र,

छ) नगरपालिकाले तोकिए बमोजिमको दरखास्त दस्तुर ।

थप जानकारीका लागि यस नगरपालिकाबाट प्रकाशन भएको विद्यालय लेखापरीक्षण कार्यविधि,२०७९ नगरपालिकाको वेबसाइट www.chandragirimun.gov.np बाट हेर्न सक्नुहुनेछ ।

कर्ण बहादुर भुवाजी
अधिकृत दशौं